# विपश्यना

साधकहरुका लागि प्रेरणा पत्र

बुद्ध वर्ष २५४७ श्रावण २०६० वर्ष २० अङ्क ४

## धम्मवाणी

*एकं धम्मं अतीतस्स, मुसावादिस्स जन्तुनो ।*
*वितिण्णपरलोकस्स, नत्थि पापं अकारियं ॥*
*धम्मपद– १७६*

**एउटा धर्म (सत्य) लाई नाघेर जसले झूठो बोल्दछ, परलोकको चिन्ता नगर्ने त्यस ब्यक्तिको लागि कुनै त्यस्तो पाप छैन जुन उसले गर्न नसकिने होस् ।**

## परिशुद्ध शील

शील, समाधि, प्रज्ञामा सम्पूर्ण धर्म निहीत छ । यी तीनवटामा धर्मको परिभाषा अटेको छ; शुद्ध धर्म, परिशुद्ध धर्म रहेको छ । शीलको पालन गर अर्थात सदाचारको जीवन जिउ । सदाचारको जीवन जिउनको लागि समाधिको अभ्यास गर अर्थात मनको मालिक बन्ने अभ्यास गर । यतिमात्र होइन अन्तर्मन भित्र जुन विकारहरूको संग्रह संचय भएको थियो त्यसलाई बाहिर निकाल ताकि स्वभावत: कुनै प्रयत्न नगरिकन सदआचारण नै जीवनको एउटा अंग बनोस् । चित्त निर्मल होस् । आफू भित्र यस्तो प्रज्ञा जागोस् कि सारा विकारलाई निकालेर फ्याँक्न सकुन् । सदाचारको जीवन जिउनु, मनलाई वशमा राख्नु मनलाई निर्मल गर्नु यो कुनै एउटा समुदायको धर्म होइन, यो कुनै एउटा सम्प्रदायको धर्म होइन । कुनै एउटा जाति, वर्ण, गोत्रको धर्म होइन, यो त सबैको धर्म हो । वास्तवमा यही नै धर्म हो । कुनै एउटा परम्पराको ब्यक्तिसंग धर्मको कुरा कानी गरेर सदाचारको जीवन राम्रो लाग्छ कि लाग्दैन ? मनलाई वशमा राख्ने कुनै काम मन पर्छ कि पर्दैन ? अथवा चित्तलाई नितांत निर्मल बनाउने कुनै तरिका मन पर्छ पर्दैन भनेर सोध्यो भने कसैले मन पर्दैन भन्दैन । त्यसैले यो सबैको हो ।

जुन सबैको हुन्छ त्यही नै धर्म हो । कोही आफूलाई चाहे जुन सुकै नामले पुकार केही फरक हुँदैन । शीलवान, समाधिवान र प्रज्ञावन त बन । हिन्दू भए पनि असल हिन्दू हुन्छ, बौद्ध भए पनि असल बौद्ध हुन्छ । जैन भएपनि असल जैन हुन्छ । असल मानिस त बन्न सक्यो । धर्मले हामीलाई असल मानिस बनाउँछ, भलादमी बनाउँछ । चाहे आफूलाई जुन सुकै नामले पुकारोस्, नामको कुनै मतलब छैन । धर्म जीवनमा आओस्, शील, समाधि र प्रज्ञा जीवनमा आओस् । शील, समाधि र प्रज्ञाको मार्ग; जुन मार्गमा हिंडेर जुन मार्गमा अगाडि बढेर कोही ब्यक्ति शीलमा पोष्ट हुन्छ समाधिमा पोष्ट हुन्छ, प्रज्ञामा पोष्ट हुन्छ त्यसमार्गलाई त्यस समयको भाषामा "**अरियो अट्ठङ्गिको मग्गो**" भनियो । **अरियो** को अर्थ हुन्छ आर्य र "**अट्ठङ्गिको मग्गो**" को अर्थ हुन्छ आठ अंग भएको मार्ग अर्थात आर्य अष्टाङ्गिक मार्ग ।

आर्य भनेको के हो ? यसलाई बुझौं । २५०० वर्ष पूरानो भाषा हो । लामो समय पछि भाषाको शब्द बद्लियो, शब्दको अर्थमा पनि भिन्नता आयो । आजकल त आर्य कुनै जाति विशेषलाई भनिन्छ । त्यस समयको भारतमा यो शब्द जातिवाचक थिएन, गुणवाचक शब्द थियो । आर्य-जो सन्त छ, सत्पुरुष छ त्यस्तो ब्यक्तिलाई भनिन्थ्यो । धर्मको मार्गमा अगाडि बढेर शील, समाधि र प्रज्ञामा पोष्ट भई नितान्त निर्मल चित्त भएका ब्यक्ति नै सन्त कहलाउँथे । यस्ता ब्यक्तिहरूले कुनै नराम्रो काम गर्न सक्दैन । त्यस्तो काम कि जुन काम गर्नाले अन्य ब्यक्तिको सुख शान्ति भंग होस् । अन्य प्राणिको अहित हुने अमंगल हुने काम गर्दैनन् । उनीहरू जो काम गर्छन् त्यसबाट आफ्नो र अन्यको भलो हुने काम नै गर्दछन् । मंगल नै मंगलको काम गर्दछन् । कल्याण नै कल्याणको काम गर्दछ । यस्तो ब्यक्ति नै आर्य कहलाउँथ्यो ।

आजकल यस शब्दलाई जातिवाचक नामको रुपमा लिईन्छ । गोरो र अग्लो, लामो नाक, ठू-ठूला आँखा भएका ब्यक्तिलाई आर्य जातिको भनिन्छ । जस्को कालो वर्ण, घुँघ्रिएको कपाल, मोटो बाक्लो ओठ भएकोलाई हब्सी भनिन्छ त्यस्तै चिम्सी आँखा, चेप्टो नाक भएकालाई मंगोल जाति भनिन्छ । यसरी यो आर्य शब्द अब जातिवाचक हुन गयो । त्यस समयको भाषामा यसको जाति संग सम्वन्ध थिएन । कोही गोरो होस् या कालो, लामो नाकको होस् या नेप्टो, ठूलो आँखा भएको होस् या चिम्सी यसबाट केही फरक थिएन ।

जो ब्यक्ति धर्मको मार्गमा अगाडि बढेर शील-समाधि र प्रज्ञामा पोष्ट हुन्छ वास्तवमा उही सन्त हो, उही आर्य हो । जो यस्तो गर्न सक्दैन नराम्रो मार्गमा हिँड्छ, धर्मको मार्गमा जाँदैन उस्ले आफ्नो पनि मंगल गर्दैन र अरुलाई पनि मंगल गर्दैन यस्तो ब्यक्ति नै अनार्य हो । त्यस समयको भाषामा भनिएको थियो,



Downloaded from http://www.dhamma.digital

"**हीनो गम्मो पोथूज्जनिको अनरियो अनत्थसंहितो**"

बडो हीन, गए-गुज्रेको, गाउँले पृथकजन। पृथक माने धर्मको राजमार्ग छोडेर अन्धो गल्लीमा भट्केको व्यक्ति अर्थात धर्मबाट पृथक भएको व्यक्ति नै पृथकजन हो। "**अनत्थसंहितो**" जो अनर्थ नै अनर्थ संग्रह गरीरहेछ। आफ्नो लागि पनि अनर्थ र अरुको लागि पनि अनर्थ गर्ने व्यक्तिलाई **अनरियो** भनिन्थ्यो पछि यो शब्द बिग्रँदै बिग्रँदै अनाडी हुन गयो।

जो आफ्नो पनि अमंगल गर्छ अरुको पनि अमंगल गर्छ ति वास्तवमा अनाडी नै हुन्। जो आफ्नो पनि सुख-शान्ति भंग गर्दछ र अरुको पनि सुख-शान्ति भंग गर्दछ जो बुझ्दैन। अबुझ छ त्यो त अनाडी नै भयो। जो समझदार छ, धर्मको मार्गमा लागेर आफ्नो र अरुको कल्याण हुने काम गरेको छ, आफ्नो र अन्यको लागि सुख-शान्ति हुने काम गरेको छ आर्य हुने मार्गमा अगाडि बढेको छ भने अनार्यलाई पनि आर्य बनाउँछ। त्यसैले यस मार्गलाई आर्यमार्ग भनिन्छ, आर्य धर्म भनिन्छ। यस आठ अंग भएको मार्गलाई तीन भागमा विभाजित गरिएको छ शील, समाधि र प्रज्ञा। शील अन्तरगत यस मार्गको तीन खण्ड पर्दछन्।

१. **सम्मा वाचा**
२. **सम्माकम्मन्तो**
३. **सम्माआजीवो**

**सम्मावाचा** अर्थात सम्यक वचन। सम्यक भनेको जुन सही छ, सत्य छ, कल्याणकारी छ र जुन स्वयं आफ्नो अनुभवले जान्न सकिन्छ। धर्म कल्याणकारी छ, यस्तो मेरो गुरुले भनेको छ, यस्तो फलानो शास्त्रमा लेखिएको छ, मैले यस्तो पढेको छुँ भन्दैमा आफ्नो अनुभवले जान्दैन भने सम्यक हुँदैन। वचन सत्य छ स्वयं आफ्नो जीवनमा आएको छ भने सम्यक भयो।

सम्यक वाणी भनेको के हो ? जुन वचनले आफू र अन्य कोही पनि व्यक्तिको कुनै हानी हुँदैन। जुन वचनबाट कसैको सुख-शान्ति भंग हुँदैन त्यस्तो वचन नै सम्यक वचन हो। धर्मको एउटै मात्र मापदण्ड छ। यदि हामी झूठो बोलेर कसैले ठग्ने काम गर्दैनौं, हामी कडा वाणी बोलेर कसैको मन दुखाउने काम गर्दैनौं। अरुको निन्दा गर्ने कुरा, चुगली गर्ने कुरा, मानिसहरू एक आपसमा झगडा गराउने कुरा गरेर हामी कसैको हानी गर्दैनौं, यति कुराबाट बच्न सक्यौं भने वाणी सम्यक हुन्छ, शुद्ध हुन्छ। र आफूमा पटक पटक जाँच गर्नु आवश्यक छ कि यस्तो बोल्ने क्षमता आफ्नो जीवनमा आएको छ कि छैन। म साँच्चै सम्मावाचा-सम्यक वाणीको पालन गर्दै छु या छैन। तब नै सम्यक हुन्छ, छैन भने अनर्थ नै हुन्छ। जब सम्म हाम्रो जीवनमा लागु हुँदैन तबसम्म लाभ हुँदैन तब सम्म सम्मावाचा हुँदैन।

'**सम्माकम्मन्तो**' अर्थात सम्यक कर्मान्त। कर्मान्त भनेको के हो ? प्रत्येक कर्म पहिला मनमा उत्पन्न हुन्छ वढ्दै गएमा वाणीमा प्रकट हुन्छ र त्यसपछि मात्र शरीरमा प्रकट हुन्छ। कर्म जब शरीरले व्यक्त गर्दछ तब कर्मको अन्त हुन्छ अर्थात शारीरिक कर्मलाई नै कर्मान्त भनिन्छ। कर्म सही हुनुपर्छ, ठीक हुनु पर्छ, सम्यक हुनु पर्छ। शरीरबाट हुने कर्मबाट अरुको हानी हुनु हुँदैन। अरुको सुख-शान्ति भंग हुनु हुँदैन अरुको अमंगल हुनु हुँदैन। यस्तो सम्यक कर्म आफ्नो जीवनमा छाएको छ, आफूले अनुभव गरिरहेको छ भने आफूले जान्नु पर्‍यो कि म सम्यक कर्मान्तको जीवन यापन गरिरहेको छु। अर्थात म हत्या गर्दिन, म चोरी गर्दिन, म व्यभिचार गर्दिन, म कुनै नशालु पदार्थ आदिको सेवन गर्दिन भन्ने थाहापाउनु पर्‍यो। त्यस्तो नगरेमा त्यो सम्यक भयो।

शीलको तेस्रो अंग-'**सम्माआजीवो**' हो। प्रत्येक व्यक्तिको कुनै न कुनै एउटा आजिविका हुन्छ। जो गृहस्थ छ उस्ले त आफ्नो आजीविकाको भरमा नै जीवन जिउनु पर्ने हुन्छ। जो गृहत्यागी छ उनीरूको पनि कुनै न आजीविका हुन्छ। कहीं कतैवाट अन्न-वस्त्र प्राप्त त हुन्छ नै। त कसरी प्राप्त भइरहेछ ? कसैलाई धोखा दिएर त होइन ? कसैलाई मिथ्या भ्रान्तिमा राखेर त होइन ? यी कुराहरूमा विचार पुऱ्याउनु पर्दछ। गृहस्थहरूले पनि आफ्नो आजीविका प्रति ध्यान पुऱ्याउनु पर्छ। जुन आजीविकाबाट आर्जन भइरहेछ, जुन कामबाट घरमा धन प्राप्त भइरहेछ त्यो कसरी आइरहेछ ध्यान पुऱ्याउनु पर्छ। कतै यस पेशाबाट कसैको हानी त भइरहेको छैन ? कसैको अमंगल त भएको छैन ? अन्य प्राणीको सुख-शान्ति त भंग भएको छैन मेरो कामबाट कसैलाई कुमार्ग तिर त लगेको छैन , मेरो कारण कोही दुराचारी त भएको छैन ? यदि यस्तो छ भने यो आजिविका हितकर हुँदैन।

आफूले हत्या गरेको छैन त्यो ठीक छ। तर आफूले हत्या नगरे पनि पेशा कस्तो अपनाएको छ ? रोजगार कस्तो छ ? त्यो पनि सम्यक हुनु पर्छ। जस्तो आफूले वन्दूक बेच्ने गरेको छ वा कुनै ड्रग्स् वा किरा फट्याङग्रो वा मुसा मार्ने औषधी। मार्ने काम आफूले गरेको छैन जस्ले किनेर लान्छ उसले गर्छ। हतियार बेच्ने रोजगार छ, गोली बेच्ने काम छ र आफूले आफूलाई वडो धर्मवान थान्छ-यस्तो त हुनै सक्दैन। यस्तो कामले त अरुलाई शील-सदाचारको जीवन जिउनु बाधक बन्छ, उनीहरूको शील भंग गर्ने काममा आफू सहायक हुन जान्छ। यस्तो आजीविका गलत आजीविका हो।

कोही भन्छ म त हत्या गर्दिन। तर व्यवसाय पशुपालनको छ, गाई, भैंसी बाखा कुखुरालाई राम्रो मीठो खुवाई पिलाई मोटो घाटो बनायो र कसाईंलाई बेच्यो। राम्रो आम्दानी हुन्छ। बाँकी काम कसाईंको हो। मार्छ त कसाईंले म के गरुँ ? यस्तो आजीविका कसरी राम्रो हुन सक्छ ? म लागू पदार्थ सेवन गर्दिन ठीक छ तर यस्को व्यापार गर्छु, रक्सी बेच्छु, अफीम बेच्छु। जसले किनेर लान्छ उनीहरूले आफ्नो शील भंग गर्छन्। यस्तो आजीविका कस्तो होला ?



Downloaded from http://www.dhamma.digital

म विष बेच्छु कोही किनेर लान्छ त कसैलाई मार्न । आफूले स्वयं जाँचेर हेर्नु कि जुन पेशा बाट आफ्नो घरमा पैसा आर्जन भइरहेछ त्यसबाट कहीं अन्य व्यक्तिलाई गलत मार्गमा अघि बढ्न त सहायक भइरहेको छैन ? यदी यस्तो छ भने त्यो सम्यक आजीविका भएन ।

धेरै जसो आजीविका बाहिरबाट हेर्दा ठीक जस्तो लाग्छ, सम्यक लाग्छ, साँच्चीकै सम्यक छ साथ साथै यो कुरा पनि सोच्नु पर्ने हुन्छ कि यस पेशा अपनाउने काम गर्ने व्यक्तिको चित्तको चेतना कस्तो छ ? यदी उस्को चित्तको चेतना दुषित छ भने राम्रो काम पनि दुषित हुन जान्छ सम्यक हुँदैन । आजीविका सम्यक भएपनि चित्तको चेतना कस्तो छ त्यसमा भर पर्छ । मेरो जीवनको एउटा घटना करीब पचास वर्ष अगाडिको हो । यो त्यस बेलाको घटना हो जुन बेला शुद्ध धर्म के हो थाहा थिएन, शुद्ध धर्मको नाम नै सुनिएको थिएन । अन्तरमुखी भएर आफूमा निरिक्षण गर्ने विद्या सिकेको नै थिएन । मेरो परिवारमा कोही बिरामी थियो । फेमिली डाक्टर विदामा कहीं बाहिर गएको थियो कोही अन्य डाक्टर बोलाउन एउटा क्लीनिकमा गएँ । बडो प्रख्यात डाक्टर थिए घरमा आउँछ कि आउँदैन शंका थियो । संयोगले त्यहाँ कोही पेशेंट थिएन, डाक्टर बिरामीको पर्खाईमा उदास भएर बसेको थियो । उनलाई देखेर उत्सुकता पूर्वक सोधें - डाक्टर साहेब, तपाईंकहाँ दिनहूँ भीड लाग्थ्यो, आज के भयो कोही पनि देख्दिन । डाक्टरले बडो उदास भएर भन्यो- यस मौसममा त शहरमा कुनै न कुनै रोग फैलन्थ्यो । यस वर्ष के भए छ कुन्नी त्यो रोग नै लागेन । त्यस कुराले म आश्चर्य भएँ । यो कस्तो डाक्टर शहरका अधिक भन्दा अधिक व्यक्ति बिरामी होस् भन्ने चाहने कस्तो डाक्टर ? मानिसहरू बिरामी होस् भन्ने चाहने कस्तो डाक्टर ? मानिसहरू बिरामी होस् भन्ने चाहने । वडो दु:ख लाग्यो ।

पछि यो कल्याणकारी विद्या प्राप्त भयो । शुद्ध धर्म प्राप्त भयो । पहिला त धर्मको नाममा यस्तै पाखण्डी हुन्थें । धारण गर्नु त धेरै टाढाको कुरा धर्म के हो ? त्यो पनि थाहा थिएन । जब शुद्ध धर्म प्राप्त भयो र आफू भित्र हेर्न सिकें तब आफू भित्रको सत्य देखिन थालें । म त्यस समयमा एकजना व्यापारी थिएँ । व्यापारीको घरमा जन्मे, व्यापार पेशा थियो त व्यापारीहरूको मनोवृत्ति कस्तो हुन्छ राम्ररी ज्ञान छ । कहीं कतै युद्ध भइरहेछ महामारी फैलिरहेछ र दैनिक उपभोग्य सामान कम भयो भने भाउ बढ्न थाल्छ । भाऊ बढ्यो भने व्यापारीको भाषामा बजार राम्रो छ भनिन्छ, व्यापारीको लागि बजार राम्रो छ, सुध्रिएको छ । तर मानिसहरूलाई कति नोक्सान भईरहेछ यस कुराको कुनै चिन्ता नै छैन । सारा लडाईं बन्द भयो महामारी सकियो, सुकाल आयो । उत्पादन बढ्यो । उपभोग्य सामानको भाऊ घट्न थाल्यो भने व्यापारीहरू उदास हुन थाल्छन् र भन्छन् बजार खतम छ, चौपट छ । व्यापारीहरूको मनोवृत्ति यस्तो हुन्छ ।

व्यापार गर्नु नराम्रो होईन । प्रत्येक व्यक्तिले सामान उत्पादक कहाँ नै गएर खरीद गर्न सक्दैन । उत्पादकले उत्पादन गरेको सामान उपभोक्ता सम्म ल्याउने काम व्यापारीको हो । यहाँ सम्म ठीक छ । उसले गरेको मेहनत वापट पारिश्रमिक पाउँछ, उचित नाफा लिन्छ । नराम्रो होइन । यहाँ पनि चित्तको चेतना प्रमुख छ । यसैबाट थाहा हुन्छ कि उस्को जीवनमा शील पालन भईरहेछ कि छैन । बाहिर बाट हेर्दा पेशा ठीक छ तर त्यसको सदुपयोग भएन । त्यसको उपयोग गलत तरीकाले भयो भने दुषित हुन जान्छ । दुषित भयो भने सुशील हुनुको बदला दु:शील हुन जान्छ । यसरी आफूलाई पल पलमा जाँचिरहनु पर्छ ।

दुई हजार वर्ष पहिले लोप भएको विपश्यना विद्या पुन: भारतमा फर्किएको छ । शिविर हुँदैछन् । धर्मको गंगा शुरु भएको छ । हरेक क्षेत्रका मानिसहरू शिविरमा आउँदैछन्, हरेक समाजका मानिसहरू आउँदैछन्, हरेक सम्प्रदायका मानिसहरू आउँदैछन् । धर्मको गंगा हो, प्यास बुझाउनको लागि आउनै पर्छ । गंगाले मेरो पानी पिउने व्यक्ति कुन सम्प्रदाय को हो, कुन गोत्रको हो, कुन वर्णको हो भनेर सोध्दैन । जस्ले पिउँछ उसैको तिर्खा मेट्छ व्यापारी वर्गका मानिसहरू पनि आउँछन् र आफ्नो समस्या राख्छन् । के गरौं साराका सारा देशको यस्तो हालत छ, शासन तन्त्रको कस्तो हालत छ । तपाईं भन्नु हुन्छ, इमान्दारी पूर्वक व्यापार गर, कसरी गर्ने ? ठाऊँ ठाँऊमा भ्रष्टाचार छ ।

साँच्चै नै देशको हालत त खराब थियो । व्यापारी वर्ग पनि दूषित थिए । शासन गर्ने अधिकारी पनि दूषित थियो । राजनेता पनि दूषित थिए । सबै त होइन तर अधिकांश यस्तौ थिए । तर व्यापारी वर्ग यति त गर्न सक्छन् कि घरमा पैसा आउँछ त ग्राहकको पाकेट बाट नै आउँछ, ग्राहक त अन्नदाता हो । आफ्नो अन्नदातालाई धोखा दिने कोशीश कहिले पनि नगर्नु । जुन सामान ग्राहकलाई दिइन्छ त्यसको गुणस्तरमा, तौलमा नाप धोखा दिनु हुँदैन । कहिले मिसावतको सामान नदिनु यति काम त गर्न सकिन्छ । यति त धर्मवान हुन सकिन्छ । धर्मको क्षेत्रमा एक पाईला त उठ्यो । धन कमाउनु नराम्रो काम त होइन । गृहस्थ भएर हात थाप्नु राम्रो होइन । जस्तो कोही गृहत्यागी धनवान हुनु राम्रो होइन त्यस्तै गृहस्थ कंगाल हुनु नराम्रो हो । आफ्नो परिश्रमले इमान्दारी पूर्वक धन कमाउनु पर्छ । धन आयो भने अहंकार जाग्छ । अहंकार आएमा मुक्ति मार्गबाट टाढा हुँदै जान्छ । यस अहंकारलाई हटाउन जति कमाएको छ त्यसको केही भाग- धेरै कमाएको छ भने धेरै कम कमाएको छ भने कम-समाजमा बाँड्नु पर्छ । पूरानो भाषामा सम विभाग गर्नु भनिन्थ्यो । अर्थात दान गर्नु ।

यी दुई कुरा यदी गृहस्थले सिकेमा उसको सम्यक आजीविका भयो । ऊ विस्तारै विस्तारै अगाडि बढ्दै जान्छ । यी तिनै वटा **सम्मावाचा, सम्माकम्मन्तो, सम्माआजीवो** पालन भएमा धर्मको पहिलो अंग शीलको अंग पोष्ट हुँदैछ । खूब मंगल हुन्छ । शुद्ध धर्म को मार्गमा जो जान्छ उसको मंगल नै मंगल हुन्छ । उसको जीवनमा कल्याण नै कल्याण हुन्छ । उसको जीवन मंगल नै मंगल हुन्छ ।



Downloaded from http://www.dhamma.digital

## साधकको प्रश्न गुरुजीको उत्तर

### प्रश्न–उत्तर

प्र. यदि हाम्रो सारा जीवन पूर्व कर्म संस्कारबाट चल्छ भने हामीले केही गर्नु नै परेन, के चूप लागेर बस्ने ?

ऊ. पूरानो कर्म संस्कार जुन संचय गरेका थियौं जस्वाट हाम्रो जीवन चलीरहेछ त्यो त हटाउन सक्दैनौं । तर नयाँ कर्मसंस्कार राम्रो वनाउन सक्छौं । भविष्य वर्तमान को सन्तान हो, वर्तमानलाई सुधार्न सकेमा भविष्य अवश्य राम्रो हुन्छ । वर्तमान समयमा कुनै कर्मसंस्कार नै बन्न दिएन भने भविष्य बन्ने छैन र पूरानो संचित कर्मसंस्कार स्वत: उम्रेर माथि आउँछ र त्यसलाई प्रज्ञा पूर्वक हेरेमा नयाँ संस्कार नबनाई खतम भएर जान्छ । पूरानो खतम हुँदै गयो, नयाँ बनेन भने अवश्य पूरानो संस्कार सम्पूर्ण स्वत: नाश हुँदै जान्छ । अत: वर्तमान क्षणमा हामी मालिक बन्यौं भने पूरानो कर्म संस्कार स्वत: खतम हुन्छ, वर्तमानमा हामीले यही काम गर्नु पर्छ ।

प्र. गुरुजी मेरो जीवनमा अधिक समस्या थियो, तिर्थयात्रा गर्दा मेरा समस्याहरू समाधान भयो । धार्मिक साहित्यमा पनि यस्तै उल्लेख गरिएको पाइन्छ ।

ऊ. तिर्थयात्रा गर्दैमा समस्या समाधान हुँदैन । हुन सक्छ तिम्रो भयो त सबैको मनोकामना पूरा हुँदैन । मनोकामना पूरा भयो त केवल पूरानो राम्रो कर्म संस्कारको कारण तर श्रय पायो त तिर्थयात्राले । तिर-भनेको जहाँ स्थित हुन्छ अर्थात ऋषिमुनिहरू स्थित हुने स्थान नै तिर्थ हो । अतीतमा अनेक ऋषिमुनिहरूले आफ्नो नराम्रो कर्म संस्कार निष्काषित गरेको स्थान, धेरै ऋषिमुनिहरूले तपस्या गरेको ठाऊँ, त्यहाँको वातावरणमा राम्रो भाइब्रेशन हुनु त स्वाभाविक नै हो । वास्तवमा त्यस प्रकारको राम्रो भाइब्रेशन प्राप्त गर्नको लागि तिर्थको यात्रा गर्नु पर्छ, ताकि आफ्ना कुसंस्कारलाई पखाल्न सकोस् ।

(साभार : जी. टिभि, कार्यक्रम उर्जा)

## धर्म गाथा

### हिन्दी

शील विहारी है वही, सदाचार-युत्त होय ।
काया वाणी चित्त के, कर्म न दूषित होय ॥

सरिता शीतल शील की, वाणी काय समाय ।
मानव जीवन धन्य हो, मंगल से भर जाय ॥

जो चाहे अपना कुशल, जो चाहे सुख मीत ।
राख सदा संयत वचन, यही शान्ति की रीत ॥

वाणी अमृत रस भरी, वाणी कुटिल कृपाण ।
मीठी कड्वी वाणियां, सुख की दुख की खान ॥

अकुशल कर्मों से बचे, कुशल होय सब काम ।
पाए पद निर्वाण का, जहाँ न दुख का धाम ॥

हो सम्यक आजीविका, होवे कुशल प्रवीण ।
कर्मठ होवे कर्मरत, तो ना होवे दीन ॥

**मंगल कामना सहित**
**श्री भाजुरत्न फर्मा**
**विरगञ्ज ।**

### हिन्दी

बिना ज्ञान ना ध्यान है, बिना ध्यान ना ज्ञान ।
ज्ञान ध्यान दोनों मिले, तो होवे कल्याण ॥

बियावान बन भटकते, रहा हृदय अकुलाय ।
गूँजो वाणी धरम की, सत्पथ दिया दिखाय ॥

मंगल वाणी धरम की, सुन मन हरखित होय् ।
दूर होंय भ्रम भ्रान्तियाँ, पंत उजागर होय ॥

सुध बुध खोकर बाबरा, पडा विषय के फेर ।
होश जगा सद्‌गुरु कृपा, अबरत लगी न देर ॥

जीव डुबकियां खा रहा, भव सागर के बीच ।
धन्य भाग ! गुरुवर मिला, लिया बाह भर खींच ॥

बाहर बाहर भट्‌कते, जीवन रहा गंवाय ।
भाग्य जगा, सद्‌गुरु मिला, अंतर दिया दिखाय ॥

*सम्पादक :* रोशनी शाक्य, *प्रकाशक :* नेपाल विपश्यना केन्द्र, धर्मश्रृङ्ग, बुढानीलकण्ठ, काठमाडौं । फोन : ४३७१६५५, ४३७१००७ *श्रावण २०६०*
*सम्पर्क स्थान :* श्री रूप ज्योति, ज्योति भवन, पो. ब. नं. १२८९६, काठमाडौं । फोन : ४२२५४९०, ४२२३९६८, ४२४८९४९, ४२५०५८१, email : nvc@htp.com.np
*मुद्रक :* न्यू नेपाल प्रेस, प्रधान कार्यालय फोन : ४४३ ४८५०, ४४३ ४७५३; शाखा कार्यालय फोन : ४२५ ९०३२, ४२५ ९४५०, फ्याक्स : (+९७७-१) ४२५८६७८

जि.प्र.का.द.नं. ३८/५१/५२

● आजीवन शुल्क रू. २००/-

साधकको नाम : ..................................................

ठेगाना : ..................................................

..................................................

..................................................



Downloaded from http://www.dhamma.digital